**मिति २०८०/२/४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

१. उत्पादनमा आधारित अनुदान वितरण तथा व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा ।

२. कृषि उपज संकलन केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि २०८० सम्बन्धमा ।

३. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यानसर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धमा ।

४. सुरक्षित नागरिक आवास सम्बन्धमा ।

५. निःशुल्क शिक्षा (माध्यमिक तह) रकम वितरण सम्बन्धमा ।

६. कुडुले थानगैरा सडक स्तरोन्नतीको रकम भुक्तानी सम्बन्धमा ।

७. विभिन्न खोलाहरुको आईइइ प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

८. औद्योगिक ग्राम निर्माणको लागि सम्बन्धित निकायमा माग गर्ने सम्बन्धमा ।

९. वाल विकास सहज कर्ता सम्बन्धमा ।

१०. जेष्ठ नागरिक ८४ वर्षगाठको उपलक्ष्यमा उपलब्ध गराउने रकम नपुग सम्बन्धमा ।

११. ठेक्का नलागेका खोलाहरुमा अमानतबाट कार्य गराउने सम्बन्धमा ।

१२. रङ्गसिङ्ग खोला लगायतका खोलामा विपद अर्न्तगत मेशिन प्रयोग गर्न माग गर्ने सम्बन्धमा ।

१३. विविध सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा शितगंगा नगरपालिकामा गत विगत देखि दिईदै आएको उत्पादनमा आधारित अनुदान वितरणलाई थप व्यवस्थित र वैज्ञानिक बनाउन उत्पादनमा आधारित अनुदान वितरण तथा व्यवस्थापन समिति गठन भएकोमा उक्त समितिले पेश गरेको प्रतिवेदन आजको बैठकमा छलफल भयो । उक्त प्रतिवेदन समेतका आधारमा गत विगतमा दिईदै आएको उत्पादनमा आधारित अनुदान चालु आ.व.मा समेत सोही बमोजिम प्रदान गर्ने । अनुदानलाई यथार्थ, व्यवस्थित र बैज्ञानिक गर्नको लागि कृषकहरुले विकी गर्ने स्थान र मिति तोकी वडाका जनप्रतिनिधि, कर्मचारी, सहकारीका पदाधिकारीहरुको रोहवरमा विकी वितरण गर्ने व्यवस्था मिलाउने । आर्थिक वर्ष २०८०/०८१ देखि सुरुमा ठाडाको अमराईमा संकलन केन्द्र स्थापना गरि संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कृषि उपज संकलन केन्द्र व्यवस्थापन तथा संचालन कार्यविधि २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल सरकारको नीति अनुरुप मृगौला प्रत्यारोपण गराएका, डायलाइसिस गरिरहेका, क्यान्सर रोग पहिचान भई उपचारपछी निको भई सकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचारपछी निको भईसकेका तर चिकित्सकले तीन तीन महिना भित्र निरन्तर निगरानीमा राखेका व्यक्ति यस लाभग्राहिको सूची भित्रैपर्ने) र मेरुदण्ड पक्षाघात भएका (रातो र नीलो अपाङ्ग परिचय पत्र बाहेक) व्यक्तिहरुलाई नेपाल सरकारले जारी गरेको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि २०७८, बमोजिम रकम उपलब्ध गराउने सम्बन्धमा नगरपालिकाकाले उपलब्ध गराई सोधभर्ना माग्नु पर्ने भएकोले उक्त बमोजिम रकम उपलब्ध गराउन हाल नगरपालिकाको विपद कोषमा नभएको हुँदा निम्न शिर्षकबाट विपद कोषमा रकमान्तर गरी सोही रकमबाट कार्यविधिले तोकेबमोजिमका व्यक्तिहरुलाई रकम उपलब्ध गराई नेपाल सरकारसँग सोधभर्ना माग गर्ने निर्णय गरियो ।

**तपशिल**

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम/कोष र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| खरको छाना विस्तापन कार्यक्रम | ८०००००० | विपद कोष | १०००००० | गत मौज्दात/आ |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सुरक्षित नागरिक आवस कार्यक्रम अर्न्तगत हाल सम्म प्रथम किस्ता लगेका तर दोस्रो किस्ता लैजान बाँकी रहेका सवै लाभग्राहीहरुलाई २०८० साल जेष्ठ मसान्त भित्र कार्य सम्पन्न गरी रकम लैजान वडा कार्यालय मार्फत जानकारी गराउने उक्त समयावधि भित्र रकम लिन नआउने लाभग्राहीलाई जेष्ठ मसान्त पछी भुक्तानी नदिने । उक्त शिर्षकमा चालु आ.व.को लागि प्राप्त रकम मध्ये जेष्ठ मसान्त सम्म खर्च भई बाँकी रहने रकमको सन्र्दभमा आषाढ महिनामा सो कार्यक्रम अर्न्तगत सुविधा प्राप्त गर्ने लाभग्राही छनौट गरी प्रथम किस्ता बापताको रकम दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको नीति अनुरुप माध्यमिक तह नि:शुल्क शिक्षा व्यवस्थापन सम्बन्धमा कार्यविधि स्वीकृत भई सकेको र सो बमोजिम चालु आ.व.को लागि वजेट समेत विनियोजन भएकोमा उक्त माध्यमिक तह नि:शुल्क शिक्षा स्वीकृत कार्यविधि बमोजिम कार्यान्वयनका लागि तपशिलका विद्यालयहरुलाई चालु आ.व.मा प्रदेश राजश्व तर्फ विनियोजित रु २० लाख बाट निम्न बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. सरस्वती मा.वि. सितापुर शिनपा २ रु ८०००००।-

२. ज्योती मा.वि. ठाडा शिनपा ४ रु ४०००००।-

३. सुधा मा.वि. जुकेना शिनपा ५ रु ४०००००।-

४. जनजागृती मा.वि. सिद्धारा शिनपा १० रु ४०००००।-

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश नेपाल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा मिति २०७९/९/२६ गतेको कार्यपालिकाको बैठकबाट संघीय सर्शत तर्फ चालु आ.व.को लागि गत जेष्ठमा वजेट प्राप्त हुँदा अर्घाखाँची जिल्ला शितगंगा १२ कुडुलेदेखि थानगैरासम्म सडक स्तारोन्नती भनि रु ५० लाख वजेट प्राप्त भई आएबमोजिम यस नगरपालिकाकाले सो सडक स्तरोन्नती गर्ने कार्यको लागि वोलपत्र मार्फत रु ४९९९४६४।- लागतको कार्य रु ३२२०६५५।- मा गर्ने गरी धर्मराज निर्माण सेवासँग मिति २०७९/८/१६ मा सम्झौता भई कार्य आदेश दिईएकोमा अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा सिंहदरवारको च.नं. २२८ को पत्रबाट स्थानीय तहहरुमा पठाईएको वजेट संघीय कार्यान्यिन इकाईहरुबाटै कार्यान्वयन गर्ने भनि निर्णय भएकोले स्थानीय तहहरुले कार्यान्वयन नगर्नु नगराउनु भनि गरेको पत्र यस कार्यालयमा मिति २०७९/९/२२ गते प्राप्त हुन आएको सन्दर्भमा छलफल भयो । उक्त सम्झौता अनुसार भईरहेको कार्य आजै देखि रोक्न र हाल सम्म भएको कार्यको नाँपजाँच गरी कार्यालयमा पेश गर्ने । पहिलो चरणमा कार्य भईसकेपछी वजेट कटौती भएकोले सो व्यहोरा उल्लेख गरी माग गर्ने यदी माग गर्दा समेत रकम प्राप्त नभएमा नगरपालिकाबाट भुक्तानी गर्ने भनि निर्णय भएकोमा रकम निकासाको लागि सम्बन्धित निकायमा माग गरिएकोमा हाल सम्म रकम नआएको र कार्य गर्ने निर्माण व्यवसायीबाट पटक पटक लिखित तथा मौखिक ताकेता गरी रकम माग गरेकोले माग गरेको रकम आएमा सोधभर्ना हुने गरी तत्काल निम्न शिर्षकमा रहेको रकमबाट (संसोधन हुने गरी) प्राविधिक मुल्याङ्कन बमोजिमको रकम रु ३०४९३८७।- भुक्तानी दिने निर्णय गरियो ।

**तपशिल**

| एघारौ नगरसभा तथा का.पा बैठकबाट स्वीकृत भएका योजना/कार्यक्रम र रकम | | संसोधन भई कायम हुने योजना/कार्यक्रम र रकम | | विनियोजित शिर्षक |
|---|---|---|---|---|
| योजना/कार्यक्रमको नाम | रकम | योजना/कार्यक्रमको नाम | रकम | |
| खरको छाना विस्तापन कार्यक्रम | ८०००००० | कुडुले देखि थानगैरा सडक स्तारोन्नती शिनपा १२ | ३०४९००० | गत मौज्दात /आ |

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्र पर्ने तपशिल बमोजिमका नदी/खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन सम्बन्धि कार्य गर्न यस कार्यालय र चन्द्रा रिसर्च कन्सल्टेन्शी पाणिनी गा.पा. ६ अ.खा. विच भएको सम्झौता

बमोजिम अध्ययन गरी सो का प्रतिवेदन कन्सल्टेन्शीबाट आजको बैठकमा प्रस्तुतीकरण गरियो । उक्त प्रतिवेदनहरुमा औल्याईएबमोजिम कार्यान्वयन गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

*तपशिल*

१. शितखोला दमारबेशी क्षेत्र शिनपा ७

२. भंगाला खोला शिनपा १२ र १३

३. खोरमोर खोला शिनपा १४

४. गुड्रुङ्गखोला शिनपा ११

५. पाकुरी खोला शिनपा १ र २

६. झिमरुक खोला शिनपा ७

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा एक निर्वाचन क्षेत्र एक औधोगिक ग्राम निर्माण गर्ने नेपाल सरकारको नीति अनुरुप अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. १३ को थाप्ले बारी क्षेत्रको साविक सिमलपानी गाविसको नाममा (हाल शितगंगा नगरपालिका वडा नं. १३ भएको) कित्ता नं. २६ र ७ क्षेत्रफल ०,८१३५ र ०,६९०० वर्ग मिटर रहेको जग्गामा इन्टरफेस इन्जिनियरिङ्ग प्रा.लि.कोटेश्वर काठमाण्डौले तयार गरेको डिपिआर घरेलु तथा साना उद्योग विकास समिति अ.खा.मार्फत प्राप्त हुन आएको सन्दर्भमा उक्त नापनक्सा भएको शितगंगा नगरपालिकाको वडा नं. १३ थाप्ले वारीमा रहेको जग्गामा औद्योगिक ग्राम निर्माणको लागि तयार भएको डिपिआर बमोजिम आवश्यक भौतिक पूर्वाधार निर्माणको लागि वजेट विनियोजन हुन प्रदेश सरकार मार्फत संघीय सरकारको सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई अन्य शिक्षक सरह समयावधि विद्यालयमा रही पठन पाठनको कार्य गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा जेष्ठ नागरिक ८४ वर्ष गाठको उपलक्ष्यमा उपलब्ध गराउन चालु आ.व.मा विनियोजन भएको रकमले नपुग हुने भएको हुँदा नपुग हुने रकम रु २० लाख चालु आ.व.मा गत मौज्दात शिर्षकमा रहेको रकमबाट विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न नदी खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन र विकी गरी आन्तरिक आय संकलन गर्ने कार्य ठेक्का पट्टाको माध्यमबाट गर्न सूचना प्रकाशन गर्दा न्यून मात्रमा बोलपत्रहरु पेश भई सम्झौताको लागि पत्राचार गर्दा समेत नआएकोले निजहरुले सो कार्यमा राखेको धरौटी जफत गरी तपशिल बमोजिमका नदी तथा खोलाको नदिजन्य पदार्थ कार्यालयले आफै अमानत प्रकृयाबाट उत्खनन् तथा विकी गर्ने निर्णय गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

(क) राप्ती नदी राप्ती बगर गढवा/राप्ती गापा सिमाना क्षेत्र शिनपा ८

(ख) कोन्द्रे खोला शिनपा १२

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न नदी खोलाहरुबाट नदिजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गरी आन्तरिक आय संकलन गर्ने कार्य विभिन्न विधिबाट भई रहेको र गर्नु पर्ने अवस्था रहेको छ । केही कार्य भईरहेको खोलाहरुले जमिन कटान गरिरहेको, भौतिक पूर्वाधारहरुमा क्षति हुन सक्ने अवस्था रहेकोले सम्भाव्य विपद् जोखिमलाई मध्यनजर गदै निम्न नदी खोलाहरुमा सामान्य तथा हेभी मेशिन प्रयोग गरी खोलाको विचमा थुप्रीएको नदिजन्य पदार्थ हटाउन जिल्ला विपद् समितिमा अनुरोध गर्ने निर्णय गरियो ।

***तपशिल***

(क) यस नगरपालिकाको वडा नं. ९ मा पर्ने रङ्गसिङ्गखोलाको नदिजन्य पदार्थ उत्खनन् संलन र विक्री गर्ने कार्य गर्न प्राथमिकता प्राप्त आयोजनाको लागि कालिका कन्स्ट्रक्सन प्रा.लि.लाई दिई कार्य भई रहेको अवस्था छ । मिति २०८०/२/४ मा सो वडाका वडा अध्यक्षको उपस्थितिमा खोला क्षेत्रका स्थानीय वासिन्दा ५१ जनाको भेलाबाट रागाकाटे केरावारीको क्षेत्रको विच खण्ड लम्बाई १५० मिटर खोलाको विचमा नदिजन्य पदार्थ ठूलो मात्रामा डम्पीङ्ग भई ठूला ढुङ्गा समेत रहेकोले खोला खोलाको दुवै किनाराबाट वग्दा खेतीयोग्य जमिन कटान भईरहेकोले सो लाई विचबाट बगाउन मेशिनले च्यानलाईज गर्न र खारघार क्षेत्रमा २०० मिटर विचमा ठूला ढुङ्गा भई एक साईडबाट खोला बग्दा खारघाट जाने बाटो र गत आ.व.मा प्रदेश सरकारबाट निर्माण भएको गाउँको महत्वपूण सिंचाई पक्की कुलो समेत भत्कीने अवस्था रहेकोले उक्त विचमा लामो समय देखि थुप्रीदै गई जमेर बसेको २०० मीटर लम्बाईमा च्यानलाईज गरी नदी विचबाट बगाउन मेशिन प्रयोगका लागि माग भई आएको सन्दर्भमा कार्यालयबाट अनुगमन गर्दा समेत सो बमोजिम गर्नु पर्ने देखिएकोले उक्त खोलाको उल्लेखित क्षेत्रमा मेशिन प्रयोग गरी खोला च्यानलाइज गरी सम्भाव्य जोखिमबाट बचाउन जिल्ला विपद् व्यावस्थापन समितिमा माग गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिकाका तपशिलमका खोलाहरुको नदिजन्य पदार्थ, उत्खनन् संकलन र विक्री गर्ने कार्य ठेक्का व्यवस्थापन गरिएको र प्राथमिकता प्राप्त आयोजनालाई दिई कार्य भईरहेको अवस्था छ । खोलाको विचमा लामो समय देखि जम्मा भई थुप्री जमेर बसेको नदिजन्य पदार्थका कारण खोला दुई साइडबाट बग्दा जमिन कटान भई रहेको र जंगललाई समेत असर परिरहेकोले तपशिलका खोलाहरुमा डम्पीङ्ग भएको नदिजन्य पदार्थ हटाई सम्भाव्य विपद्बाट बचाउन मेशिन प्रयोगका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा माग गर्ने निर्णय गरियो ।

***तपशिल***

१. मुसियान खोला शिनपा १३ (जंगल कटान)

२. बाणगंगा खोला जरिकुना क्षेत्र शिनपा १४ (जंगल कटान)

(ग) यस नगरपालिकाका तपशिलका नदि खोलाहरुको नदिजन्य पदार्थ, उत्खनन् संकलन र विकी गर्ने कार्यको लागि सूचना प्रकाशन गर्दा समेत ठेक्का व्यवस्थापन हुन नसकेको र विभिन्न कारणले खोलाको विचमा डम्पीङ्ग भएको निम्न नदि खोलाहरुको नदिजन्य पदार्थ कार्यालयले आफै अमानतबाट उत्खनन् तथा विकी गर्ने निर्णय गरियो । साथै कार्यालय आफैले अमानतबाट कर्मचारीको रोहवरमा गर्ने भएको र नदिजन्य पदार्थ थुप्रीएर रहेको अवस्था भएकोले मेशिन प्रयोग गर्नु पर्ने भएको हुँदा मेशिन प्रयोग गरी थुप्रीएको नदिजन्य पदार्थ हटाउन जिल्ला विपद् व्यवस्थापन समितिमा माग गर्ने निर्णय गरियो ।

***तपशिल***

१. राप्ती नदी राप्ती बगर गढवा/राप्ती गा.पा. सिमाना क्षेत्र शिनपा ८ (जमिन कटान)

२. कोन्द्रे खोला शिनपा १२ (जंगल कटान)

३. गुड्रुङ्ग खोला शिनपा ११ (कुलोको बाध निर्माण गर्दा खोला विच भागमा थुपारेको गाउँलाई असर गर्ने)

४. सितखोला दमारवेसी क्षेत्र शिनपा ७ सितखोला राप्ती दोभान क्षेत्र र सो को उत्तर दक्षिण तर्फको वगर ( वस्तीलाई असर गर्ने)

५.राप्ती नदी पल्टेडाँडा क्षेत्र शिनपा ८ (खेतीयोग्य जमिन भन्दा नदीजन्य पदार्थको उचाई बढी हुन लागेको )

६. खयरभट्टी खोला शिनपा ११ (जंगल र जमिन कटान)

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत